**सेट-झ**

**बिषय कोडः Sol ००५**

**कक्षाः १२**

**बिषयः सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा**

**समय ३ घन्टा** **पूर्णाअंक ७५**

**सबै प्रश्नहरुको उत्तर दिनुहोस्।**

**समुह क**

**तलका प्रश्नको धेरै छोटो उत्तर दिनुहोस् :** **(११ x १ = ११)**

१. पास्चात्य चिन्तनको विकासमा योगदान गर्ने दुईजना दार्शनिकहरुको नाम लेख्नुहोस् |

२. स्वतन्त्र चर र निर्भर चरको एक एक उदाहरण दिनुहोस् |

३. सामाजिक तथ्यांक संकलनका विधिहरु मध्य प्रश्नावली विधि किन सबैभन्दा प्रचलित साधन हो ?

४. समानुभुतिका कुनै दुई तत्वहरु लेख्नुहोस् |

५. नेपालको सबैभन्दा सानो प्रदेश मधेसमा कतिवटा जिल्लाहरु छन् ?

६. जयस्थिति मल्लले नेपालमा गरेका कुनै दुई सुधारका कार्यहरु लेख्नुहोस् |

७. प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गको बिचको कुनै दुई भिन्नता उल्लेख गर्नुहोस् |

८. किशोरकिशोरीका कुनै दुई अधिकारहरु उल्लेख गर्नुहोस् |

९. नेपालमा हाल कतिवटा महानगरपालिकाहरु रहेका छन् ?

१०. नेपालको आर्थिक विकासका अबरोधहरु लेख्नुहोस् |

११. शिक्षाले समूदायको विकासमा कस्तो भूमिका खेल्दछ?

**समुह ख**

**तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :** **(८ X ५ = ४०)**

१२. सामाजिक तथ्यांकको परिचय दिई, समाजिक तथ्यांक संकलनका विधिहरुको छोटो परिचय दिदै आफ्नो गाउँमा बस्ने साथीलाई एउटा पत्र लेख्नुहोस् |

अथवा

आत्ममूल्यांकनले एउटा व्यक्तिको ब्यक्तित्व विकास गर्न कसरी मद्दत गर्दछ? लेख्नुहोस् |

१३. बसाईसराईले सामाजिक विविधतामा के कसरी प्रभाव पार्दछ ? विष्लेषण गर्नुहोस् |

१४. नेपालमा अन्तर प्रदेश परिषद्को आबस्यकता पर्नुको कारणहरु बुँदागत रुपमा लेख्नुहोस् |

१५. नेपालको मध्यकालिन आर्थिक अवस्था निकै सुध्रिढ रहेको अबस्थामा हालको आर्थिक अबस्थालाई सबल बनाउन के गर्न सकिन्छ ? कुनै पाँच उपायहरु उल्लेख गर्नुहोस् |

१६. लैङ्गिक समाबेशीकरणका चरणहरुको उल्लेख गर्दै महिला ससक्तिकरणका उपायहरु लेख्नुहोस् |

१७. सार्वजनिक पदमा रहेका ब्यक्तिहरु सदाचारी नभई भ्रष्टाचारी भए भने राष्ट्रमा के कस्ता समस्याहरु आईपर्न सक्दछन् ? बुँदागत रुपमा लेख्नुहोस् |

१८. विश्वव्यापी शहरीकरणको प्रवृत्तिको चर्चा गर्नुहोस् |

१९. नेपालमा गरिबीको चक्रको सम्बोधनका उपायहरुको व्यख्या गर्नुहोस् |

अथवा

शिक्षाले सांस्कृतिक विकासमा पार्ने प्रभावहरुको बारेमा चर्चा हुने गरि एउटा सम्पादकीय तयार पार्नुहोस् |

**समूह ग**

**तलका प्रस्नहरुको लामो उत्तर दिनुहोस्** **(३ X ८ = २४)**

२०. मानिसको जीवनमा आत्मबोधको महत्व अत्यधिक रहेको तथ्यलाई प्रकाश पार्दै आत्मबोधको तरिका र अभ्यासको बिस्तृत रुपमा बर्णन गर्नुहोस् |

२१. नेपालको भौगोलिक तथा सामाजिक विविधतालाई प्रदेशहरुको आधारमा प्रस्ट हुने गरि एउटा तालिकामा देखाउनुहोस् |

अथवा

मध्यकालीन नेपालका प्रमुख राज्यहरुको उल्लेख गर्दै उक्त समयमा ससाना राज्यहरुको उदय र अबशानका कारणहरुको उल्लेख गर्नुहोस् |

२२ बेरोजगारी नेपालको एउटा प्रमुख समस्या हो | नेपालमा बेरोजगारीको कारणहरु के के हुन् र बेरोजगारी समस्या समाधानका उपायहरु के के हुन सक्दछन्, लेख्नुहोस् |